# मायादेवी गाऊपालिका

# मायादेवी गाऊकार्यपालिकाको कार्यालय

कम्हरीया , रुपन्देही

प्रदेश न. ५

ठेक्का न. :- २०।मायादेवी।राजश्व।२०७५-७६

मायादेवी -१ स्थित दानव नदिको हरहरवाघाट

बोलपत्र फारम. न.

## बोलपत्र फारम

## आ.व. २०७५/७६

प्रदेश न. ५

# मायादेवी गाउपालिकाको कार्यालय

कम्हरिया , रुपन्देही

## टेण्डर फारम

आय ठेक्का न. :- २०/२०७५-७६

टेण्डर फारम दस्तुर :-३०००

| क्र. स. | ठेक्काको विवरण | न्युनतम ठेक्का अंक रु.(मु.अ.कर बाहेक) | कबुल गरेको रकम रु.(मु.अ.कर बाहेक) | | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अङ्कमा रु. | अक्षरमा रु. | | |
| १ | दानव नदी हरहरवा घाट | २,१८७,५०४.०० अक्षेरुपी:-एक्काइस लाख सतासी हजार पाच सय चार मात्र । | | | | |

संलग्न दररेट र ठेक्काका शर्तहरु पालना गरी उक्त कबुल गरेको ठेक्का अंक (मु.अ.कर बाहेक) बुझाउन मन्जुर छु भनी सही छाप गर्ने :-

बोलपत्रदाताको फर्मकोको नाम :-

प्रोप्राईटरको नाम :-

बाबुको नाम :-

बाजेको नाम :-

ठेगाना :-

सम्पर्क फोन नं.:-

बोलपत्रदाताको सही, छाप:

मिति:

बोलपत्र दाखिला गर्ने अन्तिम मिति: २०७५।१०।१४ गते १२:०० बजे सम्म ।

बोलपत्र खोलिने मिति र समय: २०७५।१०।१४ गते १:०० बजे दिउसो।

बोलपत्र दाखिला गर्ने स्थान: मायादेवी गाउपालिकाको कार्यालय कम्हरिया , रुपन्देही ।

मायादेवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## कम्हरिया, रुपन्देही

प.सं.:
च.नं.:

मिति:२०७५/०९/२९

## आ.व.२०७५/०७६ को ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खन्न गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५ पौष २९गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को (दफा ११ र ६४) ले दिएको अधिकार प्रयोग गरी यस मायादेवी गाउँ कार्यापालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७५/०७६ को लागि ठेकाद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि गाउँकार्यपालिकाको सूचनापाटी, वेभसाईट www.mayadevimunrupandehi.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यापालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदी प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| आय ठेक्का नं. | नदी/खोलाहरुको विवरण | गाउँपालिकाको प्रारम्भिक बातावरणीय प्रतिवेदन, २०७५ अनुसारको उत्खन्न गरिने घाटको विवरण | बार्षिक उत्खन्न गर्न सकिने परिमाण (घन फिट) | न्यूनतम ठेक्का अंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १७।मायादेवी।राजश्व।२०७५-७६ | दानव नदी | निबिहवा घाट(क) | ४४१५३०.० | २६४९१८०.०० | ३००० | |
| १८।मायादेवी।राजश्व।२०७५-७६ | दानव नदी | निबिहवा घाट(ख) | ४६०१९२.० | २७६११५२.०० | ३००० | |
| १९।मायादेवी।राजश्व।२०७५-७६ | दानव नदी | महदेवा घाट | ८००८५६.० | ४८०५१३६.०० | ३००० | |
| २०।मायादेवी।राजश्व।२०७५-७६ | दानव नदी | हरहरवा घाट | ३६४५८४.० | २१८७५०४.०० | ३००० | |

शर्तहरु

१. ठेक्का अवधी २०७५ सालको सम्झौता मिति देखि २०७६ सालको जेष्ठ मसान्त सम्म हुनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र मायादेवी गाउँकार्यपालिकाको कार्यालय, कम्हरिया, रुपन्देहीबाट बोलपत्र खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु १६ औं दिन अपरान्ह १२:०० बजे भित्र मायादेवी गाउँकार्यापालिकाको कार्यालय कम्हरिया, रुपन्देहीमा दर्ता गर्न सकिनेछ र दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

३. बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्का विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ । यस गाउँकार्यापालिकाको वेभसाइटबाट समेत बोलपत्र फाराम डाउनलोड गर्न सकिनेछ । यसरी वेभसाइटबाट डाउनलोड गरिएका बोलपत्र दाखिला गर्दा यस सूचना बमोजिम लाग्ने दस्तुर बुझाउनु पर्नेछ ।

४. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर. दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई अधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापत यस मायादेवी गाउँपालिकाको कार्यालय, कम्हरिया, रुपन्देहीको नाममा रहेको कृषि विकास बैंक लि. सिद्धार्थनगर, भैरहवा शाखाको ०१४४३०११५१०१००४२ धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंक बाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने बिडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ ।

६. बोलपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरी कार्य सम्झौताको लागि सम्पर्क राख्नु पर्ने छ ।

७. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम रुं ३००० (फिर्ता नहुने गरी)यस कार्यालयको कृषि विकास बैंक लि. सिद्धार्थनगर भैरहवा शाखामा रहेको खाता नं ०४१४३०११५१०१००१८ संचित कोषमा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ ।

८. बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएको सिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

९. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सर्वजनिक विदा परेमा सोको भोलिपल्ट माथी उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ, साथै त्यसै बमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ ।

१०. सूचना प्रकासन भएको ८औं दिनमा पूर्व बोलपत्र बैठक ( Pre-Bid Meeting ) बस्ने छ ।

११. रितपूर्वक दाखिला भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार हुने छैन ।

१२. बोलपत्रदाता नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको कार्यालयले समय समयमा दिइएको निर्देशनको पालन गर्नुपर्नेछ । साथै कार्यालय तथा बोलपत्रदाता बिच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१३. बुदा नं. ६ बमोजिम एकमुष्ठ रकम बुझाउन नसकीने भनि बोलपत्रदाता व्यवसायीले निबेदन पेश गरी कुल कबोल अंक मध्ये ५० प्रतिसत रकम र कर बापतको बुझाउनु पर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधीमा १ महिना थप अवधी

भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जि दिइनेछ ।

१४. प्रचलित नियमानुसार कालोसुचिमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाँकी बक्यौता भएका व्यक्ती, फर्म तथा कम्पनीहरुको बोलपत्र कुनै कार्यवाहि हुने छैन् ।

१५. गाउँपालिका कार्यालय मायादेवी कम्हरीया रुपन्देहीले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोग गर्नुपर्नेछ ।कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाहि गरिनेछ

१६. बोलपत्रदाताले ठेक्का सम्झौता पछि गाउँपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनहाको लागी दाबी गर्न पाईने छैन ।

१७. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग खेती योग्य जमिनमा ढाट तगारो राखी प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन । साथै संकलन पश्चात आवश्यकता अनुसार ग्याबियन, जाली लगाईदिनु पर्नेछ ।

१८. खोला र नदिको घाटगद्धी स्थलहरुमा सम्पुर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरले देख्ने गरि आफ्नै खर्चमा राख्नु पर्नेछ । संकलनको काम गर्न कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१९. गाउँपालिकाबाट गरिएको प्ररम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७५ (IEE) मा घाटगद्धी स्थल नतोकिएको स्थलबाट कसैले पनि नदिजन्य पदार्थ संकलन उत्खनन गर्न पाईने छैन यसरी घाटगद्धी नतोकिएको स्थलबाट संकलन/उत्खनन गरेको पाईएमा गाउँपालिकाबाट तोकिएको जरिवाना गरिनुको साथै नदिजन्य पदार्थ र ढुवानी साधन समेत जफत गर्न सकिनेछ ।

२०. ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी उत्खनन गर्दा प्रचलित ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी उत्खनन, संकलन ,क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधिको पालना गर्नु पर्नेछ ।

२१. नदीको किनारबाट भुक्षय हुने गरी डिल भिर भित्तो खनी खोस्री गरी ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी निकाल्न पाईने छैन ।

२२. भिजेको नदिजन्य पदार्थ ढुवानिमा पूर्ण रोक लगाउनुपर्नेछ ।सथै ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी आदि छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

२३. ठेकेदारले घाट क्षेत्रमा फोहर मैलाको व्यवस्थापन गर्नुपर्ने छ साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२४. ठेकेदारले कामदारका लागी प्राथमिक उपचारका सथै मास्क, हेल्मेट आदिको व्यवस्था मिलाउनु पर्नेछ ।

२५. ठेकेदारले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिर्वाय रुपमा पेश गर्नुपर्ने छ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएको अर्धकट्टी नगदि रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

२६. ठेकेदारले नदी जन्य पदार्थ संकलन उत्खनन हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वंय आफैले व्यहोनु पर्नेछ ।

२७. विहान सुर्येदय भन्दा अगाडी र साझँ सुर्यास्त भन्दा पछी ढुवानीको साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाईने छैन ।यसरी नियम विपरीत गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाहि गरिनेछ ।

२८. नदिजन्य पदार्थ संकलन गर्ने जिम्मेवारी हस्तान्तरण गर्नु अगाडी जुन नदि/ खोलाको जुन स्थानबाट संकला गर्नेगरी स्विकृत भएको हो, सोही नदि/खोलाहरुको सोही स्थान प्राविधिकबाट एकिन गराई , तोकिएको परिणम भन्दा बढी नदिजन्य पदार्थ निकासी हुन नपाउने व्यवस्था गर्नुपर्ने छ ।

२९. तोकिएको स्थानको लम्बाई र उचाई खुल्ने रेफरेन्स प्वाइन्टको चीनो लगाएको मुचुलका तयार गरेपछी कार्य सुरु हुनेछ ।

३०. भारी उपकरण मेशिन प्रयोग गर्ने सम्वन्धी व्यवस्था यस गाउँकार्यपालिकाले तोकेको कार्यविधि बमोजिम हुनेछ ।

३१. यस सुचनामा उल्लेख भएका शर्तहरु लगाएत यस गाउँकार्यपालिकाको निर्णयनुसार दिइने सुझाव यस ठेक्का प्रयोजनको लागी अभिन्न अंगको रुपमा मानिनेछन् ।

३२. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७५ (IEE) का प्रावधानहरुको व्यवस्था गर्ने अधिकार मायादेवी गाउँपालिकामा सुरक्षीत रहनेछ ।

३३. यस सुचनामा उल्लेख भएको विषय यसै सुचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम, प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन २०७५ बमोजिम हुनेछ ।

३४. यस ठेक्कामा सहभागी हुन चाहने इच्छुक फर्म/ संस्थाले यस गाउँकार्यपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७५, ५ नं. प्रदेश सरकारबाट स्वविकृ आर्थिक ऐन २०७५, ढुङ्गा, बालुवा, ग्रावेल , गिट्टी उत्खनन, संकलन ,क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ लगायत अन्य सम्बन्धीत कागजातहरु राम्रोसंग अध्ययन गर्नुहुन अनुरोध छ ।

३५. ५ नं. प्रदेश सरकारले स्वीकृत गरेको नदीजन्य पदार्थ कार्यविधि ,२०७५ मा भएको व्यवस्था पालना गर्नु पर्ने छ ।

३६. बजार मुल्य सम्झौताको बखत आपसी समझदारीमा तय गरिने छ ।